GI - 1051

# SEE (Grade Increment) 2081 (2025)
## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

## समूह 'क'

**तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. नेपालको राष्ट्रिय पहिचान झल्काउने कुनै दुई तत्त्व लेख्नुहोस् ।
२. मानव विकास सूचकाङ्क मापनका आधारहरू शिक्षा, अपेक्षित आयु र प्रतिव्यक्ति आम्दानीमध्ये तपाईंलाई कुन आधार बढी महत्त्वपूर्ण लाग्छ ? एक कारण दिनुहोस् ।
३. ट्रान्स्परेन्सी इन्टरनेसनलले गर्ने कुनै एक कार्य लेख्नुहोस् ।
४. घरेलु हिंसा विरुद्ध जनचेतना जगाउने कुनै एक आकर्षक नारा तयार पार्नुहोस् ।
५. २००७ सालमा भएको दिल्ली सम्झौता कुन कुन पक्षबिच भएको थियो ?
६. तपाईं दोस्रो विश्वयुद्धको प्रमुख कारण के हो भन्ने ठान्नुहुन्छ ? एक बुँदामा लेख्नुहोस् ।
७. नेपालमा पर्यटन उद्योगको कुनै एक महत्त्व लेख्नुहोस् ।
८. नेपालको जलविद्युत् क्षेत्रको विकास गर्न के गर्नुपर्ला ? एक सुझाव दिनुहोस् ।
९. निषेधाधिकार (VETO) को अर्थ एक वाक्यमा उल्लेख गर्नुहोस् ।
१०. सूचना प्रविधिको दुरुपयोगलाई रोक्न दुई सुझाव दिनुहोस् ।
११. तपाईंले आफ्नो टोल/समुदायको वातावरण संरक्षणमा खेल्न सक्ने कुनै एक भूमिका लेख्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. सामाजिकीकरण असल र सभ्य समाज निर्माणको एक आधार हो,कसरी ? आफ्ना विचार चार बुँदामा लेख्नुहोस् ।
१३. नेपालको सङ्घीय शासन प्रणालीका कुनै चार विशेषता उल्लेख गर्नुहोस् ।
१४. तपाईंको घरपरिवार, समाज वा जानपहिचानमा जेष्ठ नागरिक हुनुपर्छ । उहाँले गरेका सामाजिक योगदानसम्बन्धी कुरा सुन्दा तपाईंलाई कस्तो प्रेरणा मिलेको छ ? आफ्नो अनुभूति चार बुँदामा उल्लेख गर्नुहोस् ।
१५. लोक संस्कृतिको संरक्षण र प्रवर्धनमा नयाँ पुस्ताको भूमिका कस्तो हुनुपर्छ ? चार बुँदामा स्पष्ट पार्नुहोस् ।

अथवा

'राष्ट्रिय दिवस मनाउँदा नागरिकको व्यापक सहभागिता गराउन के के गर्नुपर्ला ? आफ्ना विचार चार बुँदामा प्रस्तुत गर्नुहोस् ।

Contd...

१६. भ्रष्टाचार नियन्त्रण गर्न सरकार तथा राजनीतिक दलले गर्नुपर्ने कार्य दुई/दुई बुँदामा स्पष्ट पार्नुहोस ।

१७. नेपालको संविधानबमोजिम संविधान संसोधन प्रक्रिया उल्लेख गर्नुहोस् ।

१८. दिइएको तालिका पूरा गर्नुहोस् :

| क्र.स. | हावापानीको नाम | हावापानीका विशेषता |
|---|---|---|
| १ | भूमध्यरेखीय | |
| २ | उष्ण तृणभूमि | |
| ३ | भूमध्य सागरीय | |
| ४ | समशीतोष्ण तृणभूमि | |

१९. तपाईंको विद्यालयमा सूचना प्रविधिको सुविधा उपलब्ध गराइदिन विद्यालयका प्रधानाध्यापकलाई अनुरोध पत्र लेख्नुहोस् ।

२०. गुणस्तरीय जीवनको महत्त्व चार बुँदामा स्पष्ट पार्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नको लामो उत्तर दिनुहोस् :** (४×७=२८)

२१. प्रजातान्त्रिक शासन प्रणालीमा नागरिकको चाहना/आवश्यकता पूरा गर्न कार्यपालिकाको भूमिका उदाहरणसहित स्पष्ट पार्नुहोस ।

२२. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाएर निम्न तथ्यलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :

धवलागिरी हिमाल, बागमती प्रदेश, कोसीटप्पु वन्यजन्तु आरक्ष, वीरगन्ज

अथवा

अफ्रिका महादेशको रेखाङ्कित नक्सा बनाएर निम्न तथ्यलाई उपयुक्त सङ्केतमा देखाउनुहोस् :

एलटलस पर्वत, नाइल नदी, भिक्टोरिया ताल, सहारा मरुभूमि

(दृष्टिविहीनका लागि मात्र)

अफ्रिका महादेशको भौगोलिक अवस्थाअनुसार आर्थिक सामाजिक क्रियाकलाप उल्लेख गर्नुहोस् ।

२३. जनआन्दोलन २०६२/२०६३ पछिको राजनैतिक आर्थिक तथा सामाजिक प्रभाव स्पष्ट पार्नुहोस् ।

२४. 'कृषि तथा पशुपालनको व्यावसायीकरणमा कृषि बिमाको भूमिका' शीर्षकमा एक लेखको नमुना तयार पार्नुहोस ।

Symbol No. ....................

RE-1051'KoP

**SEE 2081 (2025)**
**अनिवार्य सामाजिक अध्ययन**

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** (११×१=११)

१. सामाजिकीकरणका कुनै दुईओटा माध्यम लेख्नुहोस् ।
२. दिगो विकासका आयाम र विकासका गतिविधि बिचको अन्तरसम्बन्ध एक वाक्यमा उल्लेख गर्नुहोस् ।
३. मानव बेचबिखन विरुद्ध जनचेतना जगाउने एउटा नारा तयार पार्नुहोस् ।
४. घरेलु हिंसाबाट हुन सक्ने कुनै दुईओटा असर लेख्नुहोस् ।
५. दोस्रो विश्वयुद्धको तत्कालीन कारण लेख्नुहोस् ।
६. जनआन्दोलन २०६२/२०६३ का उपलब्धिमध्ये सबैभन्दा महत्त्वपूर्ण उपलब्धि केलाई ठान्नुहुन्छ ? आफ्नो तार्किक धारणा प्रस्तुत गर्नुहोस् ।
७. साधारण सेयर र अग्राधिकार सेयरबिच एउटा भिन्नता प्रस्तुत गर्नुहोस् ।
८. तपाईंले लगाउने कपडा किन्दा कुन प्रकारको कर तिर्नुभएको हुन्छ ? लेख्नुहोस् ।
९. विश्व स्वास्थ्य सङ्गठन (WHO) को एउटा कार्य लेख्नुहोस् ।
१०. समसामयिक घटनाको जानकारीले हाम्रो जीवनमा कसरी सहयोग पुग्छ ? एक उदाहरण दिनुहोस् ।
११. स्वस्थ्य जीवनशैली अपनाउन तपाईंले अपनाउनुभएको एउटा उपाय लेख्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** (९×४=३६)

१२. 'विविधतामा एकता हाम्रो पहिचान हो' यसलाई प्रवर्धन गर्न समाजको भूमिका कस्तो हुनुपर्छ ? आफ्नो विचार चार बुँदामा प्रस्तुत गर्नुहोस् ।
१३. नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरूमध्ये कुनै एक आयोजनाको परिचय दिई दुईओटा महत्त्व दर्साउनुहोस् ।
१४. "ज्येष्ठ नागरिकप्रति हाम्रो दायित्व' शीर्षकमा कुनै एक राष्ट्रिय पत्रिकाका लागि सम्पादकीयको नमुना तयार पार्नुहोस् ।
१५. नारी दिवसलाई समय सान्दर्भिक र अर्थपूर्ण बनाउन के के कुरामा ध्यान दिनुपर्ला ? चार बुँदामा तपाईंको विचार प्रस्तुत गर्नुहोस् ।

अथवा

लोकबाजा संरक्षणमा विद्यार्थीको भूमिका के हुन सक्छ ? चार बुँदामा उल्लेख गर्नुहोस् ।

क्रमश:

१६. 'मानव बेचबिखन सामाजिक अपराध हो' यस कथनलाई पुष्टि गर्न आफ्नो विचार चार बुँदामा प्रस्ट पार्नुहोस् ।

१७. उपभोक्ता शिक्षाको आवश्यकता चार बुँदामा स्पष्ट पार्नुहोस् ।

१८. प्राकृतिक विपद् न्यूनिकरणका लागि अपनाउनुपर्ने चार सावधानी उल्लेख गर्नुहोस् ।

१९. "सूचना प्रविधिको माध्यमबाट शिक्षण" भन्ने शीर्षकमा एक पत्रिकाका लागि समाचारको नमुना तयार पार्नुहोस् ।

२०. जनसङ्ख्या वृद्धिदर घट्दा पर्न सक्ने प्रभाव नेपालको पछिल्लो जनगणनाका आधारमा स्पष्ट गर्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४×७=२८)**

२१. मानव अधिकारको क्षेत्रमा धेरै सङ्घसंस्था कार्यरत हुँदाहुँदै पनि मानव अधिकार उल्लङ्घनका घटना किन भइरहेका होलान् ? मानव अधिकार उल्लङ्घन न्यूनीकरण गर्न के सुझाव दिनुहुन्छ ? उल्लेख गर्नुहोस् । (३+४=७)

२२. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाएर निम्न तथ्यलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :

बर्दिया राष्ट्रिय निकुञ्ज, कोसी प्रदेश, रारा ताल, पशुपतिनाथ मन्दिर

अथवा

पृष्ठ भरिने गरी अफ्रिका महादेशको नक्सा बनाएर निम्न तथ्यलाई उपयुक्त सङ्केतमा देखाउनुहोस् :

नाइल नदी, भूमध्यरेखीय हावापानीको क्षेत्र, कालहारी मरुभूमी, किलिमन्जारो पर्वत

अथवा (दृष्टिविहीनहरूका लागि मात्र)

अफ्रिका महादेशको सामाजिक, आर्थिक र भौतिक पक्षको वर्णन गर्नुहोस ।

२३. प्रथम विश्वयुद्धको आर्थिक राजनीतिक प्रभाव उल्लेख गरी प्रथम विश्वयुद्धमा नेपालको भूमिका प्रस्तुत गर्नुहोस् ।

२४. 'राष्ट्रको सामाजिक, आर्थिक रूपान्तरणमा बैङ्क तथा वित्तीय संस्थाको भूमिका र चुनौती' शीर्षकमा एउटा लेखको नमुना तयार पार्नुहोस् ।

-0-

Symbol No. ....................

RE-1051'KoP

## SEE 2081 (2025)
## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

### समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** (११×१=११)

१. सामाजिकीकरणका कुनै दुईओटा माध्यम लेख्नुहोस् ।

२. दिगो विकासका आयाम र विकासका गतिविधि बिचको अन्तरसम्बन्ध एक वाक्यमा उल्लेख गर्नुहोस् ।

३. मानव बेचबिखन विरुद्ध जनचेतना जगाउने एउटा नारा तयार पार्नुहोस् ।

४. घरेलु हिंसाबाट हुन सक्ने कुनै दुईओटा असर लेख्नुहोस् ।

५. दोस्रो विश्वयुद्धको तत्कालीन कारण लेख्नुहोस् ।

६. जनआन्दोलन २०६२/२०६३ का उपलब्धिमध्ये सबैभन्दा महत्त्वपूर्ण उपलब्धि केलाई ठान्नुहुन्छ ? आफ्नो तार्किक धारणा प्रस्तुत गर्नुहोस् ।

७. साधारण सेयर र अग्राधिकार सेयरबिच एउटा भिन्नता प्रस्तुत गर्नुहोस् ।

८. तपाईंले लगाउने कपडा किन्दा कुन प्रकारको कर तिर्नुभएको हुन्छ ? लेख्नुहोस् ।

९. विश्व स्वास्थ्य सङ्गठन (WHO) को एउटा कार्य लेख्नुहोस् ।

१०. समसामयिक घटनाको जानकारीले हाम्रो जीवनमा कसरी सहयोग पुग्छ ? एक उदाहरण दिनुहोस् ।

११. स्वस्थ्य जीवनशैली अपनाउन तपाईंले अपनाउनुभएको एउटा उपाय लेख्नुहोस् ।

### समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** (९×४=३६)

१२. 'विविधतामा एकता हाम्रो पहिचान हो' यसलाई प्रवर्धन गर्न समाजको भूमिका कस्तो हुनुपर्छ ? आफ्नो विचार चार बुँदामा प्रस्तुत गर्नुहोस् ।

१३. नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरूमध्ये कुनै एक आयोजनाको परिचय दिई दुईओटा महत्त्व दर्साउनुहोस् ।

१४. "ज्येष्ठ नागरिकप्रति हाम्रो दायित्व' शीर्षकमा कुनै एक राष्ट्रिय पत्रिकाका लागि सम्पादकीयको नमुना तयार पार्नुहोस् ।

१५. नारी दिवसलाई समय सान्दर्भिक र अर्थपूर्ण बनाउन के के कुरामा ध्यान दिनुपर्ला ? चार बुँदामा तपाईंको विचार प्रस्तुत गर्नुहोस् ।

अथवा

लोकबाजा संरक्षणमा विद्यार्थीको भूमिका के हुन सक्छ ? चार बुँदामा उल्लेख गर्नुहोस् ।

क्रमशः

१६. 'मानव बेचबिखन सामाजिक अपराध हो' यस कथनलाई पुष्टि गर्न आफ्नो विचार चार बुँदामा प्रस्ट पार्नुहोस् ।

१७. उपभोक्ता शिक्षाको आवश्यकता चार बुँदामा स्पष्ट पार्नुहोस् ।

१८. प्राकृतिक विपद् न्यूनिकरणका लागि अपनाउनुपर्ने चार सावधानी उल्लेख गर्नुहोस् ।

१९. "सूचना प्रविधिको माध्यमबाट शिक्षण" भन्ने शीर्षकमा एक पत्रिकाका लागि समाचारको नमुना तयार पार्नुहोस् ।

२०. जनसङ्ख्या वृद्धिदर घट्दा पर्न सक्ने प्रभाव नेपालको पछिल्लो जनगणनाका आधारमा स्पष्ट गर्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४×७=२८)

२१. मानव अधिकारको क्षेत्रमा धेरै सङ्घसंस्था कार्यरत हुँदाहुँदै पनि मानव अधिकार उल्लङ्घनका घटना किन भइरहेका होलान् ? मानव अधिकार उल्लङ्घन न्यूनीकरण गर्न के सुझाव दिनुहुन्छ ? उल्लेख गर्नुहोस् । (३+४=७)

२२. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाएर निम्न तथ्यलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :

बर्दिया राष्ट्रिय निकुञ्ज, कोसी प्रदेश, रारा ताल, पशुपतिनाथ मन्दिर

अथवा

पृष्ठ भरिने गरी अफ्रिका महादेशको नक्सा बनाएर निम्न तथ्यलाई उपयुक्त सङ्केतमा देखाउनुहोस् :

नाइल नदी, भूमध्यरेखीय हावापानीको क्षेत्र, कालहारी मरुभूमी, किलिमन्जारो पर्वत

अथवा (दृष्टिविहीनहरूका लागि मात्र)

अफ्रिका महादेशको सामाजिक, आर्थिक र भौतिक पक्षको वर्णन गर्नुहोस ।

२३. प्रथम विश्वयुद्धको आर्थिक राजनीतिक प्रभाव उल्लेख गरी प्रथम विश्वयुद्धमा नेपालको भूमिका प्रस्तुत गर्नुहोस् ।

२४. 'राष्ट्रको सामाजिक, आर्थिक रूपान्तरणमा बैङ्क तथा वित्तीय संस्थाको भूमिका र चुनौती' शीर्षकमा एउटा लेखको नमुना तयार पार्नुहोस् ।

-0-